# शुक्लाफाँटा नगरपालिकाको

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## २०८०/०८१




परामर्शदाताः

शुक्लाफाँटा मिडिया प्रा.लि.

महेन्द्रनगर, कंचनपुर

आयोजकः

शुक्लाफाँटा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झलारी,कंचनपुर

# बिषयसूची

१. कार्यक्रमको परिचयः ... 3
२. कार्यक्रमको उद्धेश्यः ... 3
३. शुक्लाफाँटा नगरपालिकाको सामान्य परिचयः ... 4
(क) क्षेत्रफल, सिमाना तथा धरातलीय स्वरुप : ... 4
(ख) प्रशासकीय एवं राजनीतिक विभाजनः ... 5
(ग) यस शुक्लाफाँटा नगरपालिकामा तपसिल बमोजिमका टोल /बस्तीहरु रहेका छन्ः- ... 6
४. कार्यक्रम विवरण ... 7
५. जवाफदेही वक्ताहरु ... 7
(क) प्रमुख जवाफदेही : ... 7
(ख) जवाफदेही : ... 7
(६) सञ्चालन प्रक्रियाः ... 7
(क) परामर्शदाता छनौट र समन्वयः ... 7
(ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः ... 8
(ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः ... 8
(घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः ... 8
(८) कार्यान्वयन चरण ... 9
(९) सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरु तथा जवाफः ... 10
(१०) प्रयोग भएका औजारहरुः ... 11
(११) कार्यक्रममा प्रस्तुत गरिएको बहिर्गमन (Exit Poll ) र नागरिक प्रतिवेदन पत्रः ... 12
(११) बहिर्गमन (Exit Poll ) ... Error! Bookmark not defined.
(१२) शुक्लाफाटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टिकेन्द्रराज भट्ट द्वारा प्रस्तुत आय व्यय विवरणः ... 25
वित्तीय प्रगति ... 25
(१३) कार्यक्रमको सवल पक्षहरुः ... 38
(१४) निश्कर्ष : ... 38
(१५) सार्वजनिक सुनुवाईमा सहभगिताः ... 38

# पृष्ठभूमि

## १. कार्यक्रमको परिचयः

नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागीतामुलक र शुसाशन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा नागरिकलाई सूचना माग्ने, सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सु-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । यसका साथै सुशासन प्रबर्धन,रणनीति तथा कार्य योजना २०७४, स्थानीयतह बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, स्थानीयतहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले पनि शुसाशन प्रबर्धनका लागि जोड दिएको छ ।

आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा प्रत्यक्षरुपमा प्रश्नोत्तर गराउने उद्देश्यले शुक्लाफाँटा नगरपालिकामा सार्वजनिक सुनुवाइ संचालन गरिएको हो। सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण गरिएको थियो । परामर्शदाताको तर्फबाट सबै वडामा गएर सार्वजनिक सुनुवाई कार्यविधि २०६७ ले निर्देश गरे अनुसारका नागरिक प्रतिवेदन(Citizen Report Card), नागरिक अभिमत संकलन (Exit Poll), समूह छलफल (FGD), अन्तर्वार्ता (Interview) तथा स्थलगत अध्ययन अनुसन्धान पद्धतिको प्रयोग गरिएको थियो र प्राप्त भएका नतिजालाई सार्वजनिक सुनुवाईको प्रारम्भमा प्रस्तुतिकरण गरियो ।त्यसपछि नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण गरिएको थियो । यो प्रस्तुतिले सहभागिहरुलाई न.पा. वाट भए गरेका सेवा प्रवाह र विकास निर्माण सम्बन्धी जानकारी भयो । प्रस्तुतिकरण पछि उपस्थित सेवाग्राहिहरुवाट प्रस्तुतिकरणका विषयवस्तु र अन्य विषयमा सवालहरु र सुझावहरु राख्ने कार्य भयो र जिम्मेवार पदाधिकारीवाट उठेका सवालहरुको जवाफ दिने कार्य भयो ।

## २. कार्यक्रमको उद्धेश्यः

- शुक्लाफाँटा नगरपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- नगरपालिकाको वार्षिक योजना अनुसार संचालन भएका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चबारे सरोकारवालाहरु बिच आदान प्रदान गरी जानकारी गराउनु ।

- शुक्लाफाँटा नगरपालिकालाई जनताप्रति जवाफदेहि बनाई पालिकाको विषयगत ईकाई र सो अन्तरगतका निकायका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जनामा सहयोग गर्नु ।
- कार्यक्रम संचालन गर्दा देखिएका चुनौती, उपलब्धि, सिकाईलाई सार्वजनिक गरी श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने दिने अवसर सृजना गर्नु ।
- शुक्लाफाँटा नगरपालिकाको वार्षिक योजना तथा गतिबिधिहरुको लेखाजोखा र मूल्याङ्कन गरी भावि कार्य योजनाका लागि सुझाब संकलन गर्नु ।
- शुक्लाफाँटा नगरपालिकाको योजना र कार्य सम्पादनको अवस्था विश्लेषण, आगामी योजनाका लागि आवश्यक्ता पहिचान र कार्यान्वयनका प्रतिवद्धता सहितको दस्तावेज तयार गर्नु ।
- सेवा- प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,
- विगतका गल्ती, कमजोरीको समीक्षा गरी पुनः दोहोरिन नदिन तथा सेवाग्राही र सेवा-प्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्न,
- आर्थिक र सामाजिक विकासलाई गतिशील बनाउँदै समृद्ध राष्ट्र निर्माणमा टेवा पु-याउन

## ३. शुक्लाफाँटा नगरपालिकाको सामान्य परिचयः

नेपालको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा पर्ने शुक्लाफाँटा नगरपालिका नेपाल सरकारको मिति २०७१।०८।१६ गतेको निर्णयानुसार देशभरी गठन भएका ६१ नगरपालिकाहरु मध्ये एक नगरपालिका हो । यस क्षेत्रमा नगरपालिका हुन पूर्व झलारी, पिपलाडी र देखतभुलीका वडा न ६,४ गरी तिन वटा गा.वि.स थिए र ती तिन वटा गा.वि.सका वडाहरु समायोजन भै शुक्लाफाँटा नगरपालिका बनाईएको हो । नेपाल सरकारको मन्त्रीपरिसदको मिति २०७३/११/०९ निर्णयबाट स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरेको आदेश २०७३ अनुसार यो शुक्लाफाँटा नगरपालिकामा जम्मा १२ वटा वडा मिलेर बनेको छ । जिल्लाको सदरमुकाम महेन्द्रनगर देखि २० कि.मि पूर्व तर्फ रहेको यस नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपलिकाक्षेत्रमा सबै जात जाती धर्म क्षेत्रका मानिसहरुको मिश्रित बसोवास रहेको छ ।

### (क) क्षेत्रफल, सिमाना तथा धरातलीय स्वरुप :

कन्चनपुर जिल्लाको पुर्व पश्चिम राजमार्ग अन्रतगत मध्यविन्दुमा रहेको १६२.५७ वर्ग किमि. क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा नगरपालिका अन्तरगत २०७८ को जनगणना अनुसार ५३९६९ जनसख्या रहेको छ । यस नगरपालिकाको भू-आकृति स्वरुप करिव सवैजसो समतल रहेको छ । यस नगरपलिकाको पूर्वमा कृष्णपुर नगरपालिका, पश्चिममा शुक्लाफाँटा वन्यजन्तु आरक्ष र वेदकोट नगरपालिका , उत्तरमा डडेल्धराको चुरे पर्वत र दक्षिणमा लालझाडी गा.पा र शुक्लाफाँटा वन्यजन्तु आरक्ष रहेको छ । यस नगरपालिकाको अधिकतम तापक्रम ३८ डिग्रि र न्यूनतम तापक्रम ९ डिग्रि रहको पाईन्छ ।

### (ख) प्रशासकीय एवं राजनीतिक विभाजनः

प्रदेशः सुदूरपश्चिम प्रदेश

जिल्लाः कंचनपुर

जिल्ला सदरमुकाम : महेन्द्रनगर

शुक्लाफाँटा नपा अन्तगतका निर्वाचन क्षेत्रहरू :-

**संघीय निर्वाचन क्षेत्र न. : २ (१ जना)**


**प्रदेश निर्वाचन क्षेत्र :**

क .(वडा न ७,८,९,११,) (१जना )

ख. (वडा न १,२,३,४,५ र ६,१० र १२) (१जना)


क्षेत्रफल : १६२.५७ वर्ग किमि.

जनसख्या : ५३९६९ जना (पुरुषः२४५८४ र महिलाः२९३८५)




परिवार संख्या : १२०५८,

परिवारको औसत आकारः ४.४८, लैङ्गिक अनुपातः८३.६६




वार्षिक जनसंख्या वृद्धिदर (%): १.३६, जनघनत्वः २३२,
साक्षरता दरः पुरुष-८६३४, महिला-६९७३

### (ग) यस शुक्लाफाँटा नगरपालिकामा तपसिल बमोजिमका टोल /बस्तीहरु रहेका छन्:-

| वार्ड नं. | टोल/बस्ती |
|---|---|
| १ | गणेशपुर, गणेशपुर चौधरी टोल, मल्लो चौराहा, तल्लो चौराहा, भोरकुण्डा, लौटाहा, खजुवापट्टी वन्साह गाँऊ, बैशाखा शिबिर |
| २ | गुल्लरपट्टि, लक्ष्मीपुर, ढकनिया, रानीपुर |
| ३ | जोनापुर, पिपलाडी, मौरिफाँटा, बागबजार, आमबगिया |
| ४ | असैना, ढाँणा, सिकलपट्टी, आशापुर, अछामिटोल |
| ५ | गर्जमुनी, वनसमिति, खल्ला टोल, बैशाखा टोल |
| ६ | कमलताल टोल, बैजनाथ टोल, शिव शक्ति टोल |
| ७ | सिमलफाँटा, जुडा, कालापानी, शान्तिपुर, स्टेशनपुर, झण्डाभोज, पिताम्बर |
| ८ | फुलेली, पारीफाटा, भमरभोज, बेलडाडी, नौखरी |
| ९ | सिसैया क, सिसैया ख, खिरुपाटा टोल, लालपनिया टोल, अछामी टोल, मुक्ति टोल |
| १० | जब्दा,टोटि, सिमलखेत, लालापनिया, बन्जरिया,साविकको झलारी गाउ विकास समिति वडा नं ३ र ७ |
| ११ | अमरपुर, दीपनगर,कलुवापुर |
| १२ | कुँडा टोल, डाँगा टोल, खल्ला टोल, सरौया टोल, रामपुर टोल, बसन्तपुर टोल, दुवाहा टोल, तिल्की टोल, चित्रपुर टोल, दमलापट्टी, अग्निपट्टी, कलागौडी |

## ४. कार्यक्रम विवरण

- मितिः २०८१ भाद्र ४ गते
- स्थानः  शुक्लाफाँटा नगरपालिकाको प्रांगणमा
- समयः दिनको १ वजेदेखि ५बजेसम्म (४ घण्टा)

## ५. जवाफदेही वक्ताहरु

**(क) प्रमुख जवाफदेही :**

शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख श्री रणबहादुर महरा
शुक्लाफाँटा नगरपालिकाका नगर उप-प्रमुख श्री कल्पना कुमारी जोशी (पन्त)
शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री खेमराज बिष्ट

**(ख) जवाफदेही :**

शुक्लाफाँटा नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्री उत्तर देव भट्ट
शुक्लाफाँटा नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री भोदुराम डगौरा
शुक्लाफाँटा नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री नरेन्द्र प्रसाद चौधरी
शुक्लाफाँटा नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री कमल ठकुल्ला
शुक्लाफाँटा नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री चक्र खड्का
शुक्लाफाँटा नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री दान सिंह ऐर
शुक्लाफाँटा नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री प्रताप धामी
शुक्लाफाँटा नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री बहादुर सिंह महरा
शुक्लाफाँटा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री रमेश बहादुर ऐर
शुक्लाफाँटा नगरपालिका वडा नं. १० का वडा अध्यक्ष श्री लाल बहादुर ऐर
शुक्लाफाँटा नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष श्री शेर बहादुर साउद
शुक्लाफाँटा नगरपालिका वडा नं. १२ का वडा अध्यक्ष श्री नवल सिंह राना

## (६) सञ्चालन प्रक्रियाः

### (क) परामर्शदाता छनौट र समन्वयः

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आयोजना गरेको कार्यक्रमको आवश्यक व्यवस्थापन तथा समन्वय नगरपालिकाले गरेको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको लागि शुक्लाफाँटा मिडिया प्रा.लि.बाट गरिएको प्रस्तावना स्वीकृत भएपछि सहजकर्ताको रुपमा शुक्लाफाँटा मिडिया प्रा.लि. का अध्यक्ष, नेपाल पत्रकार

महासंघ कंचनपुरका पूर्व अध्यक्ष तथा *ACORAB,* का बरिष्ठ उपाध्यक्ष बिष्णु दत्त अवस्थी लाइ कार्यक्रमको जिम्मेवारी प्रदान गरिएको थियो । कार्यक्रमको सन्दर्भमा सहजकर्ताले नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखसंग नियमित समन्वय गर्नु भएको थियो ।

### (ख) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययनः

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के हुन ? कस्ता खालका छन् ? बस्तु तथा सेवा सुविधाहरु कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्नको लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागु भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन एबम नगरपालिकाले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन-२०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन गरिएको थियो ।




### (ग) नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत संकलन तथा प्रतिवेदन तयारीः

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसुचि २ र ३ को ढाँचा अनुसार नागरिक प्रतिवेदन र नागरिक अभिमत परामर्शदाता संस्थाको तर्फबाट बिष्णु अवस्थी, पत्रकार राजेन्द्र पनेरु र होमनाथ योगी द्वारा संकलन गरिएको थियो । नागरिक प्रतिवेदन(Citizen Report Card), नागरिक अभिमत संकलन (Exit Poll), समूह छलफल (FGD), अन्तर्वार्ता (Interview) तथा स्थलगत अध्ययन अनुसन्धान प्रतिवेदन अशोक प्रसाद पाण्डेय बाट तयार गरेको हो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसारः

शुक्लाफाँटा नगरपालिकाद्वारा आर्थिक वर्ष २०८०/०८१ को बार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय एफ.एम.बाट अडियो सन्देश, नगरपालिकाको वेभसाइट तथा फेसबुक पेज र सबै वडाहरुमा सूचना टाँस गरिएको थियो ।

कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधिहरु, बिभिन्न राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको ब्यापक उपस्थिति रहेको थियो ।

## (८) कार्यान्वयन चरण

शुक्लाफाँटा नगरपालिकाको आयोजनामा भएको सार्वजनिक सुनुवाई कार्यक्रम सहभागीहरुको सहभागिता संगै कार्यक्रम निर्धारित समयमा शुरु गरिएको थियो । शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख रणबहादुर महरा को अध्यक्षतामा भएको कार्यक्रममा उप-प्रमुख कल्पना कुमारी जोशी (पन्त), प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट, शुक्लाफाँटा नगरपालिकाका वडा अध्यक्षहरु, राजनैतिक दलका प्रतिनिधि, विभिन्न शाखाका शाखा प्रमुख, पत्रकार तथा अन्य अतिथिहरुलाई आशन ग्रहण गराइएको थियो ।

शुक्लाफाँटा मिडिया प्रा.लि.का बिष्णु दत्त अवस्थी ले सञ्चालन गर्नु भएको कार्यक्रममा आशन ग्रहण पश्चात शुक्लाफाँटा नगरपालिकाका वडा न. ९ का अध्यक्ष रमेश बहादुर ऐर ले स्वागत मन्तव्य राख्दै नगरपालिकाले आ.व.२०८०/०८१ मा गरेका कार्यक्रमबाट सेवाग्राहीले के कस्तो सेवा प्राप्त गरे र सेवाप्रदायक लाई केही सुझाव भए प्रश्नोत्तर गर्नपाउन भन्ने उदेश्यले बिगत झैं यसबर्ष पनि कार्यक्रम आयोजना गरिएको बताउनु भयो । शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख रणबहादुर महराले व्यानर पढेर कार्यक्रम उद्घाटन भएको घोषणा गर्नु भएको कार्यक्रममा शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट ले शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्नुभयो ।उहाँले नगरपालिकाले लक्ष्य अनुसारको उपलब्धीको अवस्था र कार्ययोजना बारे प्रस्तुतिकरण गर्नुभयो । फेसबुक मार्फत प्रत्यक्ष प्रशारण भएको कार्यक्रममा सहजकर्ता बिष्णु अवस्थी र अशोक प्रसाद पाण्डेयले १२ वटै वडाहरुबाट संकलन तथा तयार गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले प्राप्त सुझावहरुको समेत प्रस्तुति गर्नुभयो ।त्यसपश्चात सेवाग्राही र नगरपालिका बीच हाकाहाकी प्रश्नोत्तरको लागि अनुरोध गरियो।त्यस पूर्व सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिता बारे जानकारी गराउदै आचार संहिताको पूर्ण पालना गर्न प्रश्नकर्ता र जवाफदेही वक्ताहरुलाई सहजकर्ताको तर्फबाट अशोक प्रसाद पाण्डेयले अनुरोध गर्नुभयो । सहभागीहरुलाई सहजकर्ताले क्रमश हात उठाए अनुसार प्रश्न सोध्ने समय प्रदान गर्नु भएको थियो भने प्रमुख जवाफदेही वक्ताको रुपमा रहनु भएका नगर प्रमुख, नगर उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मध्ये नगर प्रमुखले जवाफ दिनु भएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरुको जवाफ दिदै नगर प्रमुख रणबहादुर महराले नागरिक प्रतिवेदन तथा बहिर्गमन प्रतिवेदनले औंल्याएका बुदाहरुमा ब्याख्या गर्दै नगरपालिका हामी सबैको भएकोले सबैको सुझाव सल्लाहवाट अघि बढने र पालिकालाइ अतिराम्रो बनाउनतिर सबै लाग्नुपर्ने बताउनु भयो ।



## समापन

निष्पक्षरुपामा सार्वजनिक सुनुवाइको सहजिकरण गरेकोमा शुक्लाफाँटा मिडिया प्रा.लि.सहित, बिभिन्न राजनैतिक दलका प्रतिनिधि, पत्रकार महासंघ कन्चनपुर लगायत सम्पूर्ण संचारकर्मीको साथै सहभागी सबै नागरिकहरुलाई धन्यवाद दिदै नगरप्रमुख महराले नगरपालिकालाई सफल बनाउने दायित्व सबै नगरबासीको भएको बताउनु भयो । सबैजनाको साथ र सहयोगले मात्रै नगरपालिकालाई समृद्ध बनाउन सकिने भन्दै नगरपालिका सम्बन्धि कुनै गुनासो तथा सुझाव भए अन्य समयमा समेत दिनुहुन अनुरोध गर्दै कार्यक्रमको समापन गर्नु भयो ।






## (९) सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरु तथा जवाफः

| क.स. | प्रश्नकर्ताको नाम, थर, ठेगाना | प्रश्न,गुनासो,सुझाव | जवाफ दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १ | सोभि सिंह कुवर<br>जेष्ठ नागरिक<br>वा.न. १० | • गौचरण हुनुपर्यो<br>• शाखा नहरले पुर्याएको हानी प्रति ध्यान दिनुपर्यो<br>• कृष्णा मा,बि, नाम हुनुपर्यो | नगर प्रमुख<br>रणबहादुर महरा | प्रमुख जिल्ला अधिकारी संग कुरा भएको छ छिटो समाधान हुन्छ ।<br>शाखा नहरले पुर्याएको समस्या प्रति हामी सजग छौ र सम्बन्धित निकाय लाइ कुरा राखे छौ । |
| २ | केसव दत्त अवस्थी<br>ने,का, प्रतिनिधि वा.न. १० | •कृषक लाइ तालिम तथा मल, बीउ बिजनमामा योगदान दिनुपर्यो | नगर प्रमुख<br>रणबहादुर महरा | कार्यविधि संशोधन गरेर भएपनि बीउबिजनमा सहुलित दिन्छौ |
| ३ | रमेश बहादुर रावल<br>होटेल व्यवसायी<br>वा.न.१० | १० बर्ष सम्म व्यवसाय नवीकरण गर्ने व्यवस्था र टेम्पो व्यवस्थापन गर्नु पर्यो | नगर प्रमुख<br>रणबहादुर महरा | कर छुट हुदैन<br>टेम्पो व्यवस्थापन गरिन्छ |
| ४ | हबल्दार चौधरी<br>ने,आ,ज,संघ<br>वा.न. ६ | आदिवासी जनजाती लाइ बिशेस कार्यक्रम दिनुपर्यो कार्य विधि बनाइ दिनु परयो | नगर प्रमुख<br>रणबहादुर महरा | आदिवासी जनजाती को कार्य विधि दुवै मिलेर बनाउ |
| ५ | शिवि लुहार<br>द.आ.ज.<br>वा.न. ५ | गरिवको छोराले MBBS पढन पाउनुपर्ने<br>• शव बहान हुनुपर्यो | नगर प्रमुख<br>रणबहादुर महरा | गरिवको छोरालाइ MBBS पढाउन हामी तयार छौ ।<br>शव बाहानको लागि प्रयास भइरहेको छ । |
| ६ | रतनलाल राना<br>नगर सचिव भलमांसा<br>वा.न. ६ | भलमांसा तथा बडघर को स्तरोंन्तीको लागि बजेट राख्नु परयो | नगर प्रमुख<br>रणबहादुर महरा | के गर्नु पर्नेहो कार्यक्रम ल्याउनुस |
| ७ | खगेन्द्र प्रसाद पाण्डेय<br>उ.वा.संघ<br>वा.न. १० | व्यवसायी लाइ सहुलियल दिनुपर्यो<br>जनसहभागिता कम भो | नगर प्रमुख<br>रणबहादुर महरा | व्यवसायी लाइ के सहुलियत दिनेहो भन्नुस ,<br>जन सहभागिताको लागि बिभिन्न संचार माद्दयम बाट ब्यापक प्रचार गरिएकै हो , |

## (१०) प्रयोग भएका औजारहरुः

- **Citizen Report Card**ः **नागरिक प्रतिवेदन ( सन्तुष्टि वा असन्तुष्टि जनाउने )**
- **Exit Poll**ः **बहिर्गमन**
- **Focus Group Discuses**ः **समूह छलफल**

- **Interview** : अन्तरवार्ता
- **Direct Field Visit:** प्रत्यक्ष अवलोकन


## (११) कार्यक्रममा प्रस्तुत गरिएको बहिर्गमन (Exit Poll ) र नागरिक प्रतिवेदन पत्रः

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यविधि अनुसार हामी नगरपालिकाको विभिन्न वडाका नागरिकसँग प्रत्यक्ष रुपमा कुराकानी गरी नागरिक प्रतिवेदन पत्र (CRC) र बहिर्गमन (Exit Poll) तयार पारिएको थियो। नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राहीले नगरपालिकाबाट सेवा लिंदा प्रत्यक्ष रुपमा भोगेर देखेका कुराहरुलाई समेटेर तयार पारेको प्रतिबेदन हो भने बहिर्गमन भनेको सेवाग्राहीले सेवा प्रदायक बाट सेवा लिई बाहिर निस्केपछि सोधिने प्रश्नावली हो ।



हामीले शुक्लाफाँटा नगरपालिका तथा विभिन्न वडामा सेवा लिन आएका नागरिकहरुसँग कार्यविधिमा उल्लेखित प्रश्नावली अनुसार १३४ जना नागरिक सँग प्रत्यक्ष कुराकानी गरेर प्रतिवेदन फारम भरेका थियौ । यसमा महिला, दलित, जनजाती, बालबालिका, तथा पिछडावर्ग समेतको सहभागिता रहेको थियो । प्रतिवेदन बाट प्राप्त नतिजा यस प्रकार रहेको छः-

विभिन्न मितिमा वडाहरुमा भएका बहिर्गमन (Exit Poll ) मा हरेक वडामा सेवाग्राहीलाइ सोधिएका ६ वटा प्रश्नको सन्तुष्टि मापनको नतिजा निकालिएको हो । १२ वटा वडाका १३४ जना सेवाग्राहीले ६ वटा सूचकहरुको उत्तर दिएका छन् । जुन यसप्रकार छ :




## वहिर्गमित अभिमत **(Exit Poll)**

| १. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | | |
|---|---|---|
| अति स्पष्ट | ठीकै | अस्पष्ट |
| **३०%** | ३७% | ३३% |

| २. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | | |
|---|---|---|
| अति धेरै | ठीकै | थोरै |
| **७%** | ५८% | ३५% |

| ३. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | | |
|---|---|---|
| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| **३६%** | ५८% | ६% |

| ४. सेवा प्राप्त गर्न आवश्यक कागजातहरुको बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | | |
|---|---|---|
| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| **२२%** | ७३% | ५% |

| ५. तपाईले राखुभएका समस्यालाई के- कस्तो समाधान दिए ? | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन |
| १३% | ७०% | १७% |

| ६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के- कस्तो लाग्यो ? | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| १३% | ६५% | २२% |

# नागरिक प्रतिवेदन (Citizen Report Card)

## १. सेवाको सन्तुष्टि

१.१ तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १३ % | ६२ % | २५% |

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १४% | ७४% | १२% |

## २. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट | नागरिक बडा पत्र हेरेकै छैन |
|---|---|---|---|
| १४% | २०% | ०% | ६६% |

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| १२% | ५४% | ३४% |

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| ९५% | १% | ४% |

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेकोछ ?

| एक दिन | दुइ दिन | धेरै दिन | कामको प्रकिति अनुसार |
|---|---|---|---|
| ६% | ५% | २९% | ६०% |

## ३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| १२% | ७८% | १०% |

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कतिको प्रचार गर्नु भएको छ ?

| धेरै | अलि अलि | प्रचार गरेको छैन |
|---|---|---|
| १३% | ३०% | ५७% |

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कतिको छ ?

| धेरै विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| १०% | ७३% | १७% |

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| थाहा छ | थाहा छैन | अलिअलि थाहा छ |
|---|---|---|
| ११% | ६२% | २७% |

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा जनप्रतिनिधि को व्यवहार कस्तो रह्यो ?

| रामो, मिलनसार | ठिकै | खासै रामो रहेन |
|---|---|---|
| १८% | ७३% | ९% |

४.१.१ यस कार्यालयबाट सैवा लिंदा कार्यालयले दिएको जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १४% | ५७% | २९% |

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आफै | घरका अरु मान्छे | गाँउका जानकार | जनप्रतिनिधि |
|---|---|---|---|
| ७२% | ७% | ७% | १४% |

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?

| एक पटक | २ पटक | धेरै पटक | कामको प्रकृति अनुसार |
|---|---|---|---|
| ६५% | ८% | २% | २५% |

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति रामो | ठीकै | नरामो |
|---|---|---|
| १४% | ८१% | ५% |

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| जानकारी छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| १३% | १४% | ७३% |

५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| अति रामो | ठीकै | खासै रामो छैन |
|---|---|---|
| १२% | ७५% | १३% |

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

| २० प्रतिशत | ५० प्रतिशत | कुनै जानकारी छैन |
|---|---|---|
| २९% | २६% | ४५% |

५.५ नगरपरिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

| छ | रामो संख्या छ | साह्रै कम छ | जानकारी छैन |
|---|---|---|---|
| १०% | २२% | १७% | ५१% |

## ६. नागरिक बडापत्र / उजुरी पेटिका /गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

| धेरै | कम | गरेको छैन | थाहा छैन |
|---|---|---|---|
| ४% | १६% | २१% | ५९% |

६.२ तपाईको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

| धेरै | ठिकै | अति कम | थाहा छैन |
|---|---|---|---|
| ९% | २३% | १३% | ६५% |

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

| धेरै भएको छ | ठिकै भएको छ | भएको छैन | थाहा छैन |
|---|---|---|---|
| २% | १५% | ५१% | ३२% |

# नागरिक प्रतिवेदन
# (Citizen Report Card)
# भाग २

## १. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

| अति राम्रो संग पाए | ठीकै | खासै राम्रो पाइएन |
|---|---|---|
| २८% | ६०% | १२% |

१.२ सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्यो ?

| दिए | थोरै दिए | मागिएन र दिइएन |
|---|---|---|
| ०% | ०% | १००% |

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो?

| आफै | मध्यस्थकर्ता वा कार्यालयकै मान्छे | जनप्रतिनिधि |
|---|---|---|
| ५८% | १९% | २3% |

१.४ राजस्व, शुल्क तथा दस्तुर को–कससंग उठाउने गर्दछन्?

| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग | धेरै वक्यौता रहने गरेको छ | थाहा छैन |
|---|---|---|---|
| ७४% | ५% | ०% | २१% |

## २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ तपाइको टोलमा विगतको भन्दा विकास निर्माण राम्रो भएको छ ?

| विगतको भन्दा राम्रो छ | उस्तै छ | विगतको भन्दा खस्केको छ |
|---|---|---|
| ४५% | ४१% | १४% |

२.२ तपाइको टोलमा सडक सुविधा पुगेको छ ?

| पक्की सडक छ | ग्राइभेल सडक छ | कच्ची सडक छ | सडक नै छैन |
|---|---|---|---|
| २५% | ६२% | १3% | ० % |

२.३ तपाइको टोलमा खानेपानी को सुविधा छ ?

| खानेपानी छ | आफ्नै कल, धारा छ | कुलो बाट खान्छु | अर्काको घरबाट खान्छु |
|---|---|---|---|
| २०% | ७७% | १% (वडा न. ८ ) | २ % (वडा न. ८ र १२) |

२.४ तपाइको टोलका सिंचाइ सुविधा छ ?

| नहर छ | बोरिङ छ | कुलो छ | अकासे पानीको भरमा छु |
|---|---|---|---|
| ४% | ५५% | १% | ४०% |

२.५ तपाइको टोलमा विजुली सुविधा छ ?

| विजुली छ | विजुली छैन | सोलार प्यानल छ | अरु ? |
|---|---|---|---|
| १००% | ०% | ० % | ० % |

२.६ तपाइको टोलमा स्वास्थ्य सुविधा कस्तो छ ?

| अस्पताल छ | स्वास्थ्य केन्द्र/ चौकी छ | गाँउघर क्लिनिक छ | केही छैन |
|---|---|---|---|
| ०% | ७७% | 3% | २०% |

**३.तपाइ विरामी भयो भने कहाँ उपचार गराउनु हुन्छ ?**

| स्वास्थ्य संस्थामा जान्छु | गाँउघर क्लिनिकमा जान्छु | निजी मेडिकलमा जान्छु | धामी/झक्री, बैद्दयकोमा जान्छु |
|---|---|---|---|
| ५२% | ८% | ४०% | ४६%(दुवै ठाउ जाने) |

**३.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| रामो | ठिकै | खराब |
|---|---|---|
| १६% | ७3% | ११% |

**३.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कतिको गरिन्छ ?**

| तुरन्तै हुन्छ | पटक पटक भनेपछि हुन्छ | जतिभने पनि हुन्न |
|---|---|---|
| ३८% | 33% | २९% |

**३.३ तपाईको विचारमा नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**

| नियमित र रामो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
|---|---|---|
| २८% | ४२% | 3०% |

**३.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| राम्रो | ठिकै | खराब |
|---|---|---|
| १०% | ६७% | २3% |

**३.५ सञ्चालन गरेका योजनाहरु कतिको प्रभावकारी छन्?**

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| १३% | ६3% | २४% |

**३.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?**

| सहज छ | ठीकै छ | अप्ठ्यारो छ | थाहा छैन |
|---|---|---|---|
| ११% | ४८% | १०% | 3१% |

**३.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| पर्दैन | मागेरै लिन्छन | निदए अप्ठ्यारो पार्छन | थाहा छैन |
|---|---|---|---|
| ४२% | १०% | १७% | 3१% |

**३.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कतिको पाउनुभयो ?**

| सजिलै पाइयो | कहिले काँही पाइयो | माग गर्दा पनि पाइएन |
|---|---|---|
| ४६% | 33% | २१% |

**३.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?**

| सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन | सोधेकै छैन |
|---|---|---|---|
| १६% | ४२% | १९% | २3% |

**३.१० योजना सञ्चालन गर्दा नगरपालिका वाट कतिको सहयोग पाउनु भएको छ ?**

| धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | माग गर्दा पनि पाइएन |
|---|---|---|
| २१% | ५१% | २८% |

**४. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

४.१ आर्थिक श्रोत कस्तो छ ?

| आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
|---|---|---|
| १६% | ४९% | ३५% |

४.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

| अति सरल | ठीकै | जटिल |
|---|---|---|
| १७% | ६3% | २०% |

**४.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | अति कम सीप छ |
|---|---|---|
| ६३% | २५% | १२% |

**४.४ नगरपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको वा वेभसाइटमा राखेको देखुभयो ?**

| देखेको छु | देखेको छैन | कहिले काँही राखछन |
|---|---|---|
| १२% | ७८% | १०% |

४.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

| हुने गरेको छ | ठीकै मुल्याँकन हुने गरेको | खासै मुल्याँकन हुँदैन |
|---|---|---|
| १९% | ५३% | २८% |

## ५.पारदर्शिता सम्वन्धी

५.१ नगरपालिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

| एउटा | दुइ वा दुइ भन्दा बढी | थाहा छैन |
|---|---|---|
| २५% | ०% | ७५% |

५.२ नगरपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

| धेरै | कम भएका छन | भएकै छैन | थाहा छैन |
|---|---|---|---|
| ०% | १४% | २७% | ५९% |

५.३ नगरपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

| भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
|---|---|---|
| १०% | १७% | ७३% |

५.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कतिको कार्यान्वयन भएको छ ?

| भएको छ | भएकै छैन | प्रतिबद्धता बारे कुनै जानकारी नै छैन |
|---|---|---|
| १२% | १३% | ७५% |

५.५ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

| संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैन |
|---|---|---|
| ३% | १४% | ८३% |

५.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कुनै जानकारी नै छैन |
|---|---|---|
| ५% | ३१% | ६४% |

## नगरपालिकाका राम्रा कामहरू सुधार गर्नुपर्ने पक्षहरू

नगरपालिकाका राम्रा कामहरू सुधार गर्नुपर्ने पक्षहरू तपसिल अनुसार देखिएका छन ।

| वडा नं | राम्रा कामहरू | सुधार गर्नुपर्ने र गुनासो |
|---|---|---|
| १ | बोरिङ, पानीपिच, तटबन्ध, जैविक तटबन्ध, रिङरोड पिच | उपभोक्ताले पैसा जम्मा गरेको १० बर्ष सम्म पनि खानेपानी निर्माण अलपत्र, सीपमूलक तालिम पछि उपकरण दिनुपर्ने, सडक बत्ती र काठका विजुलीका पोलहरू फेर्नुपर्ने, |

| | | |
|---|---|---|
| २ | सडक कालोपत्रे, खानेपानी, सडकबत्ती, बाटो ग्राभिल र बोरिङ, | सिंचाइ, नदी नियन्त्रण, |
| ३ | मौरिफाँटा जाने नयाँ सडक निर्माण, सिंचाइका लागि बोरिङ | विजुलीको पावरको समस्या, पिच बाटोमा खाल्डाखुल्डी, |
| ४ | सडक कालोपत्रे तथा पानीपिच, अस्पताल निर्माण, र बोरिङ, | मीन ब. विष्टको घरदेखि नख्खुलालको घर सम्मको बाटो ग्राभिल, बुढीनाला किनारको बाटो ग्राभिल, ह्युमपाइप, सडकबत्ति, |
| ५ | सडक कालोपत्रे तथा पानीपिच, जग्गाधनी पुर्जा वितरण र बोरिङ, | खानेपानी योजना निर्माणका लागि पहल, |
| ६ | फोहर मैला व्यवस्थापन, नगर अस्पताल निर्माण | योजना तथा कामबारे जानकारी हुदैन, खानेपनी योजना तिब्र गतिमा अगाडी बढाइनु पर्ने, |
| ७ | फोहर मैला व्यवस्थापन, एडिबीको सहयोगमा निर्मित सडक, सौर्य बत्ती | अन्तरिक आय बढाउनुपर्ने, अनावश्यक ठाँउमा नाली निर्माण, व्यपार व्यवसाय दर्ता सहज गरिनुपर्ने, विकासमा अरू वडा भन्दा पछाडी भएकोले प्राथमिकता दिइनु पर्ने, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी नभएको |
